संविधानसभा निर्वाचन ऐनमा जनजाति/जातीय कोटाका लागि केही प्रावधान राखिएका भए पनि ती प्रावधानले समानुपातिक प्रतिनिधित्वका ३३५ स्थानमा १३ प्रतिशतभन्दा कम स्थानमात्र प्रत्याभूति गरेका छन्।[१९] राजनैतिक दलहरूलाई उपदेश दिने काम मात्र गरियो तर निर्वाचन क्षेत्रका लागि उम्मेदवार छनोट गर्दा समावेशी हुनुपर्ने आवश्यकता सिर्जना गरिएन। संविधानसभा निर्वाचनका क्रममा प्रत्यक्ष निर्वाचनका लागि दलहरूद्वारा उठाइएका तीन हजार १३१ उम्मेदवारमध्ये जम्मा १७७ जना दलित समुदायका थिए र तीमध्ये २७ जना महिला थिए। ५४ वटा राजनैतिक दलहरूले समानुपातिक प्रतिनिधित्व प्रणालीका ३३५ स्थानका लागि जम्मा छ हजार उम्मेदवार दर्ता गराएका थिए। तीमध्ये ६८५ (११.४१ %) दलित थिए, त्यसमा ३७६ महिला र ३०९ पुरुष थिए। सबैभन्दा धेरै सङ्ख्यामा उम्मेदवारी दिने १९ वटा राजनैतिक दलहरूले प्रत्यक्ष निर्वाचनका लागि जम्मा दुई हजार ६४४ उम्मेदवार उठाएका थिए र तीमध्ये १०८ जना (४.०८%) मात्र दलित समुदायका थिए। ती १९ वटा दलले समानुपातिकका लागि दर्ता गराएका जम्मा चार हजार ९० उम्मेदवारहरूमध्ये ४८९ जना (१२.१६%) मात्र दलित समुदायका थिए।[२०] समानुपातिकतर्फको परिणामतिर हेर्दा निर्वाचित भएका सम्पूर्ण सदस्य सङ्ख्यामध्ये ४९ जना (८.५२%) वा समानुपातिकतर्फका सम्पूर्ण सदस्य सङ्ख्याको ८.१५% मात्र दलित समुदायका परेका छन्। तीमध्ये सात जना भौगोलिक निर्वाचन क्षेत्रबाट निर्वाचित भएका छन् भने बाँकी राजनैतिक दलका सूचीहरूबाट। त्यस्तै, सरकार (मन्त्रिपरिषद्)द्वारा मनोनीत गरिने २६ स्थानमा १४ जना मधेस क्षेत्रबाट र बाँकी पहाडी क्षेत्रबाट परेका छन्। ती २६ जनामा एक जना पनि दलित समुदायबाट परेनन्। कुनै कुनै दलित समूहहरूले संविधानसभामा समानुपातिकबाट लगिएका दलित सदस्यहरू सक्षम व्यक्तित्व भएकाले भन्दा पनि दलका कार्यकर्ता भएका कारणले लगिएको हो भनी असन्तुष्टि जाहेर गरेको पाइन्छ (यो आरोप कसै कसैका सन्दर्भमा भने अन्यायपूर्ण भएकोमा शङ्का छैन)। उनीहरूले दलित र दलित आन्दोलनको प्रतिनिधित्व गर्ने नभई आफू संलग्न रहेको राजनैतिक दलको प्रतिनिधित्व गर्दछन्। समानुपातिक प्रतिनिधित्व प्रणालीबाट गएका निकै कम सदस्यहरू दलित समुदायका समस्याबारे जानकार छन् भने दलप्रतिको वफादारी, दलीय अनुशासन र संवेदनशील अवस्थामा प्रयोग गरिने दलको ह्वीपले निर्वाचित दलितहरूलाई संविधानसभामा उनीहरूसम्बन्धी आवाज उठाउन रोक लगाउँछ। त्यसैले दलित तथा गैरदलित निर्वाचित र/वा मनोनीत संविधानसभा सभासद्हरू अर्थपूर्ण रूपमा दलितका समस्याबारे आवाज उठाउन कत्तिको सक्षम होलान् भन्ने प्रश्न सिर्जना भएको छ। त्यस्तै, दलितहरूको वास्तविक प्रतिनिधित्व नै नभएको संविधानसभा दलित सङ्गठनहरू, नेताहरू, दलित सङ्गठनका समर्थकहरू एवं दलित समुदायका सदस्यहरूसँग दलितहरूका समस्याबारे परामर्श गर्नका लागि पर्याप्त संयन्त्र र प्रक्रियासहित अगाडि आउन पर्याप्त मात्रामा संवेदनशील होला र भन्ने चिन्ता पनि अर्को महत्वपूर्ण विषयका रूपमा आएको छ।

## खण्ड-२ : को को दलित हुन् ?

### दलितको परिभाषा, पहिचान र चिनारी

दलितहरूलाई धेरैले धेरै किसिमबाट चिनाएका छन्। नेपाली समाजमा उनीहरूलाई प्रयोग गरिने 'पानी नचल्ने', 'अछुत', 'डुम', 'परिगणित' र 'तल्लो जात' जस्ता शब्द होच्याउने खालका हुन् भने 'उपेक्षित', 'उत्पीडित', 'शोषित', 'पछाडि परेका', 'विपन्न', 'गरिब', 'निमुखा', 'सीमान्तीकृत', 'सुविधाबाट वञ्चित', 'अल्पसङ्ख्यक', 'वञ्चितीकरणमा परेका', 'हरिजन'[२१] आदि शब्दहरू होच्याउने शब्द होइनन्, यद्यपि यीमध्ये केही शब्द अनुग्रहयुक्त सुनिन्छन्। शुरु-शुरुमा दलित र गैरदलितहरू 'दलित' शब्द प्रयोग गर्न हिचकिचाए पनि र यो प्रयोग विवादास्पद भए पनि अब 'दलित' शब्दलाई आम रूपमा स्वीकारिएको छ र राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा व्यापक प्रयोग गर्न थालिएको छ। अन्तरराष्ट्रिय विकास विभाग (डीएफआईडी) र विश्व बैङ्कको एउटा प्रतिवेदनमा "'दलित' शब्द प्रयोग गर्ने वा जातमा आधारित विभेदलाई नै सिधै उल्लेख गर्ने र शिष्ट शब्दलाई प्राथमिकता दिनेसम्बन्धमा लामो समय अल्मलिँदा त्यसले दलित अधिकारसम्बन्धी मामिलामा भ्रम सिर्जना गर्छ। 'दलित' शब्दलाई सर्वव्यापी रूपमा स्वीकारिनुपर्छ।"[२२]

सामान्यतया दलितहरूमा जम्मा २२ जातहरू छन् भनिन्छ तर पहिचान गरिएका ती २२ जातमा उही जातहरू भने पर्ने गरेका छैनन्। सरकारले स्थापना गरेको उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान समितिले २२ वटा दलित जात पहिचान गरेको छ।[२३] राष्ट्रव्यापी परामर्शपछि राष्ट्रिय दलित आयोगद्वारा प्रस्तावित विधेयक-२०५६ मा दलित समुदाय र जातमा आधारित भेदभावलाई परिभाषित गरिएको छ। त्यसमा उल्लेख भए अनुसार 'दलित समुदाय' भन्नाले जातमा आधारित भेदभाव र छुवाछुतका

१९ कम हुनुको कारण के हो भने कुनै दलले समानुपातिक प्रतिनिधिमूलक स्थानमा कुनै समूहका लागि वस्तुतः छुट्याइएको कोटाभन्दा १० प्रतिशत कम (वा बढी) स्थान पाउन सक्छ।

२० उम्मेदवारहरूसम्बन्धी यी वाक्यहरू नेपाली दलित इन्फो वेबपृष्ठ http://nepaldalitinfo.net/2008/04/02/422 मा उपलब्ध भरत नेपालीद्वारा लिखित "Dalits and Women in Constituent Assembly in the Context of Creating New Nepal" मा आधारित छन्।

२१ भारतमा गान्धीजीद्वारा प्रचलनमा ल्याइएको।

२२ विश्व बैङ्क र डीएफआईडी, Unequal Citizens; Gender, Caste and Ethnic Exclusion in Nepal (काठमाडौं, नेपाल, सन् २००६)।

२३ (१) लोहार, (२) सुनार, (३) कामी, (४) दमाइ, (५) कसाइ, (६) सार्की, (७) बादी, (८) गाइने, (९) कुसुले, (१०) कुचे, (११) च्यामे, (१२) पोडे, (१३) चमार, (१४) धोबी, (१५) पासवान (दुसाध), (१६) तत्मा, (१७) बातर, (१८) खत्वे, (१९) मुसहर, (२०) सन्थाल, (२१) सतार, र (२२) हलखोर। सतार र सन्थाल उही आदिवासी जनजाति हुन् तर उनीहरूलाई दलितका रूपमा सूचिकृत गरिएको छ किनभने पूर्वी तराई क्षेत्रका केही गाउँ र शहरमा केही 'उच्च जात'का मानिसहरूले उनीहरूलाई अछुतका रूपमा व्यवहार गर्छन्।

कारण सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक र धार्मिक क्षेत्रमा पछाडि पारिएका र मानवोचित सम्मान र सामाजिक न्यायबाट वञ्चित समुदायहरू (उक्त विधेयकको परिशिष्ट १ मा उल्लेखित) हुन् । "'जातमा आधारित छुवाछुत' भन्नाले नेपाली समाजमा अछुत जात, छोइछिटो हाल्नुपर्ने, छुन नहुने जात भनी भेदभाव गर्ने गरिएको समुदाय वा नयाँ मुलुकी ऐन-२०२० मा अछुत जात भनी किटान गरिएको समुदायलाई कुनै पनि प्रकारको भेदभावपूर्ण दृष्टिले गरिएको व्यवहारलाई जनाउँछ" । यस पहिचानमा आधारित रहेर राष्ट्रिय दलित आयोगले तात्कालिक रूपमा २२ वटा दलित जातहरू पहिचान गरेको छ । तीमध्ये पाँच दलित जात पहाडी क्षेत्रका छन् भने १७ दलित जाति तराईका छन् (समितिको सूचीसँग भने यो मिल्दैन) । विश्वकर्मा, परियार, सार्की जस्ता पहाडी क्षेत्रका केही दलित जातहरूका र तराईका चमार आदिका धेरै नामहरू छन् भने तराईका मुसहर, बाँतर जस्ता केही दलित जातका एउटै मात्र नाम छन् । उदाहरणका लागि, कामी वा लोहार वा सुनार वा ओड वा चुनारा वा पार्की वा टमटाका रूपमा आफूलाई चिनाउने दलितहरूको साझा नाम अब विश्वकर्मा बनिसकेको छ । कतिपय दलितहरूका थर बाहुन, क्षेत्रीसँग मिल्छ भने केहीका थर वैश्य र आदिबासीका थरसित मिल्दछन् ।

जात, उनीहरूका उपजात, परम्परागत पेशाको पूर्ण सूची यस प्रकाशनको अनुसूची १ मा राखिएको छ ।

नेवार दलित समुदायका सन्दर्भमा भने एउटा जटिलता छ - कुसले, कुचे, च्यामे र पोडेका संस्थाका नेताहरूले आफूलाई नेवारका रूपमा चिनाएका छन् र त्यसैले 'राष्ट्रिय दलित आयोग'ले उनीहरूलाई आफ्नो दलित सूचीबाट हटाएको छ ।[२४]

## दलितहरूभित्रको विविधता

जातमा आधारित छुवाछुतलगायतका व्यवहारको गहनता तथा क्षेत्रीय, भाषिक, धार्मिक, सांस्कृतिक, लैङ्गिक एवं वर्गमा आधारित भेदभावका स्वरूपका रूपमा दलितभित्र विविधतापूर्ण सामाजिक समूह छन् ।

- पहाडी दलित र मधेशी दलितका भिन्नाभिन्नै अनुभवहरू छन् ।
- केही क्षेत्र, जिल्ला वा गाउँमा दलितलाई गैरदलितहरूले जातमा आधारित छुवाछुतपूर्ण व्यवहार गर्दैनन् । उदाहरणका लागि, उच्चपहाडी क्षेत्र तथा राष्ट्रिय कानुन एवं हिन्दुकरण र संस्कृतकरणको प्रक्रियाले असर नपारेका समुदायहरूमा छुवाछुतको व्यवहार अस्तित्वमा छैन ।
- तराई क्षेत्र जस्ता जातमा आधारित भेदभावको असर परेका समुदायहरूमा सतार/सन्थाल, झाँगड/धाँगड जस्ता केही गैरदलित समुदायहरूलाई 'अछुत' का रूपमा व्यवहार गरिन्छ ।

## दलित जनसङ्ख्या वितरण

२०५८ सालमा नेपालमा गरिएको जनगणनाबाट प्राप्त तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्या २,२७,३६,९३४ रहेको छ (उक्त सङ्ख्या हाल बढेर २,६४,२७,३९९ भएको अनुमान गरिएको छ[२५]) । सो जनसङ्ख्यामा ५१.१% महिला छन् । उक्त जनगणनामा छ वटा दलित जातको तथ्याङ्क उपलब्ध छैन । तथ्याङ्क नहुने दलित जातहरूमा ककैहिया, कलर, खटिक, कोरी, पासी र सरभङ्ग/सरवरिया रहेका छन् । सो जनगणनाको तथ्याङ्क पूर्णतया यथार्थ छैन, धेरै दलितहरूले आफ्ना जातीय पहिचान लुकाएका छन् । 'उपल्लो जात'का मानिसहरूबाट हेपाइ सहनुपर्ने त्रास, उस्तै किसिमका थरका कारण उत्पन्न भ्रम, आफ्नो जातीय पहिचानबारे दलितहरूबीच चेतनाको अभाव, केन्द्रीय तथ्याङ्क विभागका प्राविधिक समितिहरू, प्रशिक्षकहरू, सुपरिवेक्षक र गणक आदिमा दलितहरूको प्रतिनिधित्व नहुनुका कारण जनगणनाका बेला कतिपय दलितहरूबाट त्यसो हुनपुगेको हो । दलित गैसस महासङ्घ तथा नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घलगायतका दलितहरूका संस्थाहरूले केही छानिएका गाउँहरूमा गरेका स्थानीय सर्वेक्षणबाट प्राप्त तथ्याङ्कमा दलितहरूको जनसङ्ख्या तथ्याङ्क विभागले गरेको जनगणनाका तुलनामा बढी देखिएको छ । जनगणनाबाट प्राप्त तथ्याङ्कमा दलित जनसङ्ख्या कुल जनसङ्ख्याको १३% वा १३.८% वा बढीमा १४.९९% छ, यो तथ्याङ्क दलित नेताहरू, विद्वानहरूको अनुमानको तुलनामा कम छ, अर्थात् दलित जनसङ्ख्या कुल जनसङ्ख्याको २०% देखि २५% सम्म रहेको छ ।[२६]

२४ राजेन्द्र प्रधान र आभा श्रेष्ठले यसरी टिप्पणी गर्नुभएको छ , "केही नेवार दलित जातहरू आफूलाई दलित भनाउन रुचाउँदैनन्", हेर्नुहोस्, Ethnic and Caste Diversity: Implications for Development (कार्यपत्र सङ्ख्या ४) (एसियाली विकास बैङ्क, सन् २००५), http://www.adb.org/Documents/Papers/NRM/wp4.pdf, पृष्ठ ३, हर्क गुरुङको Social Demography of Nepal: Census 2001 (काठमाडौँ : हिमाल बुक्स, सन् २००३) बाट उद्धृत । यो पनि हेर्नुहोस्, "हालैका वर्षहरूमा कतिपय तथाकथित् नेवार समुदायका दलित समूहहरूले उनीहरूलाई सूचिकृत गरिएकोमा विरोध जनाएका छन् । उनीहरूले वास्तवमै सिङ्गो सरोकार समूहको भावनालाई प्रतिनिधित्व गर्दछन् वा गर्दैनन् भन्नेबारे समस्या छ । यसका अतिरिक्त, यसमा एक किसिमको जातीय द्विविधा जोडिएको छ - आफूलाई दलित भनाउन मन नपराएमा उनलाई दलित भन्ने अधिकार कसैलाई हुन्छ ?", डानिडा, "Nepal Final Component Description Dalit Support" (सन् २००३), पृष्ठ ५४, http://www.danidadevforum.um.dk/NR/rdonlyres/E4A558CC-2726-4E58-8717-41B4C0251F6B/0/Component_Dalitsupport.pdf।

२५ तथ्याङ्क विभाग, हेर्नुहोस्, Nepal in Figures 2007, http://www.cbs.gov.np/Nepal%20in%20figure/Nepal%20in%20Figures%202007.pdf

२६ केही समुदायहरूलाई एउटा प्रकाशनमा जनजाति र अन्यमा दलितका रूपमा उल्लेख गरिएको हुनसक्छ (उदाहरणका लागि, धागर) ।

### तालिका १ : जातजाति र लैङ्गिक जनसङ्ख्या

| क्र.स. | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| क | नेपालको जनसङ्ख्या | १,१३,५९,३७८ | १,१३,७७,५५६ | २,२७,३६,९३४ | १०० |
| अ | प्रभुत्वशाली पहाडी जात | ३४,६४,२७३ | ३५,५८,९४७ | ७०,२३,२२० | ३०.८९ |
| आ | आदिवासी जनजाति | ४०,९०,८३९ | ४१,८१,१३६ | ८२,७१,९७५ | ३६.३१ |
| इ | मधेसी 'उच्च जात' | १४,७५,८८४ | १३,२६,३०३ | २८,०२,१८७ | १२.३० |
| ई | मुसलमान | ५,०४,३२५ | ४,७१,६२४ | ९,७५,९४९ | ४.२९ |
| उ | अन्य | १,३४,७६७ | १,३०,९५४ | २,६५,७२१ | १.१६ |
| ऊ | पहिचान नभएका जातजाति | १,१६,५६९ | १,१५,०७२ | २,३१,६४१ | १.०२ |
| ए | दलित | १३,५६,६३४ | १३,९३,४९३ | २७,५१,९७५ | १४.९९ |
| | **पहाडी दलित** | | | | |
| १ | कामी | ४,३२,९३७ | ४,६३,०१७ | ८,९५,९५४ | ३.९४ |
| १.१ | सोनार | ७२,३३१ | ७२,७५७ | १,४५,०८८ | ०.६४ |
| १.२ | लोहार | ४२,२७० | ४०,३६७ | ८२,६३७ | ०.३६ |
| २ | दमाई/ढोली | १,८८,३२९ | २,०१,९७६ | ३,९०,३०५ | १.७२ |
| ३ | सार्की | १,५३,६८१ | १,६५,३०८ | ३,१८,९८९ | १.४० |
| ४ | गाइने | २,८५७ | ३,०३० | ५,८८७ | ०.०३ |
| ५ | बादी | २,१५२ | २,२९० | ४,४४२ | ०.०२ |
| | **जम्मा** | ८९४५५७ | ९४८७४५ | १८४३३०२ | ७.११ |
| | **मधेसी दलित** | | | | |
| ६ | चमार/हरिजन/राम | १,३८,८७८ | १,३०,७८३ | २,६९,६६१ | १.१९ |
| ७ | मुसहर | ८८,०४१ | ८४,३९३ | १,७२,४३४ | ०.७६ |
| ८ | दुसाध/पासवान/पासी* | ८२,१७३ | ७६,३५२ | १,५८,५२५ | ०.७० |
| ९ | तत्मा | ३९,६०६ | ३६,९०६ | ७६,५१२ | ०.३४ |
| १० | खत्वे | ३८,६४३ | ३५,३२९ | ७४,९७२ | ०.३३ |
| ११ | धोबी | ३८,३५० | ३५,०६३ | ७३,४१३ | ०.३२ |
| १२ | बाँतर | १८,१३९ | १७,७०० | ३५,८३९ | ०.१६ |
| १३ | चिडिमार | ६,५१६ | ५,७८० | १२,२९६ | ०.०५ |
| १४ | डोम | ४,६३१ | ४,३०० | ८,९३१ | ०.०४ |
| १५ | मेस्तर/हलखोर | १,८४८ | १,७७३ | ३,६२१ | ०.०२ |
| १६ | कुसवाडिया/पत्थरकट्टा# | २८६ | २६६ | ५५२ | ०.०० |
| १७ | ककहिया | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १८ | कलर@ | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १९ | खटिक | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २० | कोरी | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २१ | पासी* | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २२ | सरभङ्ग/सरवरिया@ | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| | जम्मा | ३,७७,०१४ | ३,५६,४१० | ७,३५,२७२ | ३.२४ |
| | पहिचान नभएका दलित | ८५,०६३ | ८८,३३८ | १,७३,४०१ | ०.७६ |

स्रोत : २०५६ सालको जनगणना, तालिका १६ : जातजाति र लैङ्गिक जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभाग सन् २००२ : ७२-३)

**टिप्पणी :**

* जनगणनाको तथ्याङ्कमा पासीको तथ्याङ्क छुट्टै उल्लेख नगरी दुसाध र पासवानको जनसङ्ख्यामा मिसाइएको छ तर राष्ट्रिय दलित आयोगले पासीलाई छुट्टै दलित जातका रूपमा पहिचान गरेको छ।


# कुशवाडियालाई नेपाल सरकारले नेपालका ५९ वटा आदिवासी जनजातिको सूचीमा सूचिकृत गरेको छ।

@ कलर, सरभङ्ग र सरवरिया एउटै जातीय समुदाय हुन्।

विश्वकर्माहरू, विशेष गरी कामी, दमाई/ढोली र सार्की समुदाय नेपालका सबै ७५ जिल्लामा छरिएर रहेका पाइन्छन् (तालिका नं. २) । अन्य मधेशी दलित जातभन्दा भिन्न धोबीहरू ६४ जिल्लामा बसोबास गर्दै आएका छन् । बाँतर, मेस्तर/हलखोर र चिडिमार जातको जनसङ्ख्या निकै कम विस्तारित छ । यी समुदायहरू २४/२५ देखि २८ जिल्लामा मात्र पाइन्छन् ।

तल दिइएको नक्सामा जातको उल्लेख नगरिकनै विभिन्न जिल्लामा विद्यमान् दलित जनसङ्ख्या वितरण देखाइएको छ ।

आदिवासी जनजातिहरूको कानुनी परिभाषा र पहिचान छ तर त्यस्तो परिभाषा र पहिचान दलितको छैन । राष्ट्रिय दलित आयोगले यस कुरालाई नियमन गर्ने कानुन संसद्/व्यवस्थापिकाद्वारा पारित गराउन भने कहिल्यै सकेको छैन । सबैलाई मिल्ने किसिमको जात/जनजातीय र भाषिक सर्वेक्षण नगरिएसम्म नेपालमा कति जात, जनजाति र भाषिक समूहहरू छन् भन्ने कुरा निश्चित रूपमा बताउन सकिने स्थिति छैन । दलितको स्पष्ट परिभाषा एवं पहिचानविना दलितहरूलाई प्रभावकारी रूपमा लोकतन्त्र र विकास एवं अधिकार र सेवा उपलब्ध गराउन कठिन हुनेछ । यसमा केही कठिनाइहरू कायमै छन् । २०५८ सालको जनगणनाले जनसङ्ख्यामा दलितहरूको अनुपातलाई उल्लेख्य रूपमा कम आँकेको गुनासो दलितहरूले गरेका छन् । यद्यपि यसो हुनुको एउटा कारण दलितहरूको पहिचानको अभाव पनि हो । आफू मुक्त हुन खोजिरहेको समूहको हुँ भनेर आफ्नो परिचय दिन वा अर्को कुनै नाम प्रयोग गरेर आफूले अस्वीकार गरिरहेको पहिचानलाई नै आफ्नो परिचयका रूपमा प्रस्तुत गर्न कुनै नागरिकलाई बाध्य पार्न सकिन्छ ? शहरमा यसो गर्न सम्भव होला तर गाउँमा सकिँदैन । जातीय विविधतायुक्त जनसङ्ख्या भएका कतिपय मुलुकका जनताले यो कुरासँग सङ्घर्ष गरेका छन् - योजना निर्माण गर्ने उद्देश्यका लागि यथार्थ तथ्याङ्कको आवश्यकताभन्दा जनगणनाका बेला वा फारमहरूमा मानिसहरूलाई उनीहरूको पहिचान के हो भनी सोध्न प्रयोग गरिने विभाजित पहिचानहरू महत्वपूर्ण हुन्छन् र ?[२७] मिश्रित पुर्खा भएका मानिसका (कसै कसैले भावी पुस्ताका रूपमा लिएको) सन्दर्भमा के हुन्छ त ?




२७ सन् २००४ मा केन्याको मसौदा संविधानमा उल्लेख गरिएको थियो, “आफ्नो जातीयता जनाउन वा निश्चित गर्न कुनै पनि व्यक्तिलाई बाध्य पारिने छैन ।” उक्त प्रावधान लागू गरिएको भए र जनगणना विभागले जातीयताबारे प्रश्न गर्न चाहे प्रश्नावलीमा उल्लेखित प्रश्न गर्नलाई अदालतलाई आह्वान गर्न सकिन्थ्यो । सान्दर्भिक कुरा के हुनसक्छ भने प्रत्येक व्यक्तिको पहिचान तथ्याङ्कीय उद्देश्यका लागि मात्र हुनसक्छ र अन्य कुनै उद्देश्यका लागि कसैलाई पनि जातीयताका आधारमा पहिचान नगरिन सक्छ ।

**तालिका २ : दलित जनसङ्ख्याको सघनताका आधारमा जिल्लाहरूको सङ्ख्या**

| दलित जात | एक सय वा सोभन्दा माथि जनसङ्ख्या भएका जिल्लाहरूको सङ्ख्या | नगण्य (९९ वा सोभन्दा कम) जनसङ्ख्या भएका जिल्लाहरूको सङ्ख्या | जनसङ्ख्या शून्य भएका जिल्लाहरूको सङ्ख्या |
|---|---|---|---|
| **पहाडी दलित** | | | |
| **विश्वकर्मा** | | | |
| कामी | ७५ | ० | ० |
| सोनार | ५७ | १५ | ३ |
| लोहार | ३९ | २९ | १७ |
| **दमाइ/ढोली** | ७३ | २ | ० |
| सार्की | ७१ | ४ | ० |
| गाइने | १९ | ३७ | १९ |
| बादी | ८ | ५१ | १६ |
| **मधेशी दलित** | | | |
| चमार/हरिजन/राम | २१ | ३४ | २० |
| मुसहर | १७ | २४ | ३४ |
| दुसाध/पासवान/पासी | १८ | २६ | ३१ |
| तत्मा | १५ | २७ | ३३ |
| **खत्वे** | ९ | २४ | ४५ |
| धोबी | १९ | ४४ | १२ |
| बाँतर | ६ | १८ | ५१ |
| चिडिमार | ९ | १९ | ४५ |
| **डोम** | ११ | १९ | ४५ |
| मेस्तर/हलखोर | ८ | १७ | ५० |
| कुशवाडिया/पत्थरकट्टा | २ | ७ | ६६ |
| ककहिया | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| कलर | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| खटिक | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| कोरी | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| पसी | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |

स्रोत : २०५८ सालको जनगणना

# खण्ड ३ : कठिनाइ र अपहेलना

राजा पृथ्वीनारायण शाहद्वारा नेपाललाई 'चार जात छत्तीस वर्णको फूलबारी'का रूपमा चित्रित गरिए पनि दलितलगायतका सबै जात तथा जातीय समुदाय 'उपल्ला जाति'बाट शताब्दीयौंदेखि हेपिएका छन्, अलग्याइएका छन्, सीमान्तीकृत भएका छन्, वञ्चित गरिएका छन्, शोषणमा पारिएका छन् र अधीनमा पारिएका छन् । विगतमा जातमा आधारित छुवाछुत र अन्य प्रकारका भेदभावलाई कानुनले नै समर्थन दिइएको थियो । यी विभेद भनेको यिनीहरूलाई कानुनी प्रावधानभन्दा भिन्नै किसिमबाट अभ्यासमा ल्याइरहेका 'उपल्लो जात'का मानिसहरूको प्रवृत्तिको एउटा उपज भएका कारण कानुनी प्रावधानहरू अस्तित्वमा विद्यमान भए पनि वा नभए पनि यस्ता विभेद कायमै छन् । जातमा आधारित छुवाछुत मानवाधिकार उल्लङ्घनको सबैभन्दा नराम्रो स्वरूप हो । नेपाली समाजमा दलितहरूको स्थान र भूमिका विषादपूर्ण र अपहेलित छ । छुवाछुत र अन्य विभेदका कारण आफ्नै समुदाय वा समाजमा पनि दलितहरू प्रतिष्ठित जीवन बाँच्न पाइरहेका छैनन् । नेपालमा सबैभन्दा तल्लो तहको जनावरका रूपमा मानिने कुकुरलाई अछुत मानिँदैन तर दलितहरूलाई अछुतका रूपमा व्यवहार गरिन्छ ।

यसैगरी, उपल्लो जातका दलितहरूले 'तल्लो जात'का दलितहरूलाई गैरदलितले गर्ने व्यवहार गर्दछन् । यो कुरा अत्यन्तै जटिल छ । दलित जातिहरूको श्रेणी विभाजनमा कामी सबैभन्दा 'उपल्लो जात' मानिन्छ र अन्य दलित जातिले कामीलाई अछुतका रूपमा व्यवहार गर्दैनन् । दलित जातिबीचको आन्तरिक श्रेणी विभाजनमा डोमलाई सबैभन्दा तल्लो श्रेणीको मानिन्छ । त्यसैले उनीहरू कसैलाई पनि छुवाछुत गर्दैनन् । बीचमा पर्ने दलितहरूले आन्तरिक श्रेणी विभाजनमा आफूभन्दा तल्लो दलितलाई अछुतको व्यवहार गर्दछन् भने उनीहरूभन्दा माथिल्लो वर्गले उनीहरूलाई अछुतको व्यवहार गर्दछन् ।

दलितहरू पनि अन्य मानवसरह प्रतिष्ठामा बाँच्न चाहन्छन्, प्रतिष्ठित जीवन बाँच्न चाहन्छन् (अन्तरिम संविधानको धारा १२ ले सबैका लागि प्रतिवद्धता व्यक्त गरे अनुसार) तर यथार्थमा उनीहरू दैनिक रूपमा 'उपल्लो जात'का मानिसबाट अपहेलित भइरहेका हुन्छन् । दलितहरूप्रति हुने गरेका विभिन्न प्रकारका विभेदबारे केही विस्तृत चर्चा गर्नेछौं । 'दलित' भएकै कारण केही व्यक्तिले भोग्नुपरेका दुःखद् कथाहरू परिशिष्ट २ मा समावेश गरिएको छ ।

## सामाजिक कठिनाइ

### जातमा आधारित छुवाछुतलगायतका भेदभाव

नेपालमा जातमा आधारित छुवाछुतलगायतका भेदभावबारे एक्सन एड नेपालका लागि कृष्णबहादुर भट्टचन र अन्यद्वारा नेपालका चार वटा शहरी र चार वटा ग्रामीण गरी आठ वटा नमुना क्षेत्रमा गरिएको एक अध्ययनले छुवाछुतसमेत २०५ प्रकारका जातमा आधारित भेदभावहरू पहिचान गरेको छ ।[२८] यस्ता प्रचलनमा दलितहरूलाई 'उपल्लो जात'को घर, मन्दिर, होटल एवं रेष्टुरेण्ट, चिया पसल, कार्यस्थल, खाद्य सामग्री कारखाना, दूध प्रशोधन स्थल, दूध सङ्कलन केन्द्र आदि स्थानमा प्रवेश गर्न नदिने पनि पर्दछन् । गैरदलितहरूले दूध, स्वास्थ्य, कर्जा, तालिम, धर्म, खाद्य तथा पेयसम्बन्धी सेवा दलितहरूलाई उपलब्ध गराउन

२८ भट्टचन, कृष्णबहादुर र अन्य, Existing Practices of Caste-based Untouchability in Nepal and Strategy for a Campaign for Its Elimination, (काठमाडौँ, एक्शन एड, नेपाल, सन् २००३), पृष्ठ ९ ।

मान्दैनन् । 'उपल्लो जात'का मानिसहरू दलितहरूलाई कुवा, धारा, सामुदायिक वन, मसानघाट आदि जस्ता सार्वजनिक स्थानमा प्रवेश गर्नबाट पनि रोक लगाउँछन् । 'उपल्लो जात'का मानिस दलितहरूसँग अन्तरजातीय विवाहलगायतका नाता जोड्न र अन्य सम्बन्ध स्थापित गर्न अस्वीकार गर्दछन् । त्यस्तै, दलितहरू भोजभतेर, पर्व, जन्ती तथा मलामीका क्रममा पनि जातमा आधारित छुवाछुत भोग्न बाध्य छन् ।

दलित समुदायका महिला बिहानै नजिकै रहेको पानीको स्रोतमा पानी भर्न जान्छन् तर 'उपल्लो जात'ले पानी भर्ने ठाउँमा उनीहरूलाई छुन दिइँदैन वा 'उपल्लो जात'का मानिसले पानी भरी नसक्दासम्म पालो पर्खेर बस्नुपर्छ वा 'उपल्लो जात'ले प्रयोग नगर्ने छुट्टै धारो वा कुवा प्रयोग गर्नुपर्दछ । 'उपल्लो जात'का मानिसले भरेको पानी कदाचित् दलितले छोएमा छुनेलाई नराम्ररी गालीगलौज गरिन्छ वा शारीरिक आक्रमण नै गरिन्छ । 'उपल्लो जात'का मानिस उनीहरूका घरभित्र पस्दैनन् र 'उपल्लो जात'को घरमा दलितहरू पस्न पाउँदैनन् । 'तल्लो जात' र 'उपल्लो जात'का मानिस सँगै बसेर खाना खाँदैनन् । विडम्बना त के छ भने 'उपल्लो जात'का मानिसले आफ्नो घर बनाउन 'तल्लो जात'का मानिसलाई श्रम तथा अन्य कामका लागि ज्यालामा लगाउँछन् र घर बनाउने काम सकिएपछि घरपैँचो पूजा गरिन्छ र त्यसपछि उनै दलितलाई ढोकाभित्र पस्न दिइँदैन । दलित र गैरदलितबीच तथा 'उपल्लो जात'को दलित र तल्लो जातको दलितबीच विवाह भएमा विवाह गर्नेहरूलाई अलग्याइन्छ वा उनीहरूलाई सामाजिक बहिष्कार गरिन्छ । कतिपय दलितहरू उनीहरूका 'उपल्लो जात'का मालिक वा जमिन्दारका लागि कृषि श्रमिक, सार्की, कामी, सूचीकार वा गन्धर्वका रूपमा काम गर्दछन् तर उनीहरूले आफ्नो श्रमको ज्याला वा पारिश्रमिकको सत्तामा बाली काट्ने समयमा केही अन्न पाउने गर्दछन् । दलितहरूले आफ्नो सही जातीय पहिचान नलुकाएमा शहर बजारमा डेरा पनि पाउँदैनन् । दलितहरूलाई राजनैतिक दलको नेतृत्व तहमा भाग लिनसमेत दिइँदैन ।

जातीय विभेद उन्मूलन समितिद्वारा २०६० साल फागुनमा प्रकाशमा ल्याइएको निष्कर्षमा दलितसम्बन्धी तीनवटा महत्वपूर्ण निष्कर्ष समेटिएका छन् । निष्कर्षमा उल्लेख गरिएको छ - "वर्णाश्रममा आधारित सामाजिक व्यवस्थाको उच्चतम स्तरलाई दृश्य रूपमा विस्तार गर्ने वास्तविक जातीय विभेद र दण्डहीनताको संस्कारप्रति समिति गहन रूपमा चिन्तित भएको छ । विशेष गरी, दलितहरूका लागि छुट्टै बसोबास क्षेत्रहरू रहेको, अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई सामाजिक बहिष्कार गर्ने गरिएको, निश्चित प्रकारका रोजगारीमा बन्देज लगाइएको, सार्वजनिक स्थल, धार्मिक स्थल, खाद्य एवं पेयका सार्वजनिक स्रोतमा पहुँचबाट वञ्चित गरिनुका साथै दलितहरूका लागि छुट्टै कुवा वा धाराको निर्माणमा सार्वजनिक कोष खर्च गरिएको जस्ता विभिन्न जानकारीहरूबाट समिति चिन्तित रहेको छ ।"[२९] अर्को निष्कर्ष कानुनको अप्रभावकारी कार्यान्वयनसँग सम्बन्धित छ - "कानुन लागू गर्ने अधिकारी, विशेष गरी प्रहरीबाट दलितहरू तथा समाजका अन्य कमजोर समूहहरूप्रति नराम्रा व्यवहारहरू गर्ने गरिएको, उनीहरूलाई दिने गरिएको संरक्षण अप्रभावकारी रहेको तथा उनीहरूप्रति भेदभाव गर्ने गरिएको अभियोगप्रति समिति चिन्तित रहेको छ । विभेदकारी प्रवृत्ति तथा व्यवहारविरुद्ध कदम चाल्न तत्कालै र निष्पक्ष छानविन गर्नुपर्ने कुरामा समिति जोड दिन्छ ।"

## शैक्षिक कठिनाइ

दलित तथा शिक्षासम्बन्धी विशेषज्ञ डा. विद्यानाथ कोइरालाले दलितविरुद्ध शैक्षिक भेदभावका कुरालाई यसरी वर्गीकृत गर्नुभएको छ :[३०] (क) प्रत्यक्ष भेदभावका कारण दलित विद्यार्थीहरूले पढाइ पूरा नगरी छोड्ने दर उच्च; (ख) विद्यालयहरूमा दलित समुदायका विद्यार्थीका लागि शैक्षिक सामग्रीहरूमा उचित पहुँच नभएको संरचनागत भेदभाव; (ग) जातीय भेदभावमा संलग्न शिक्षक, सहपाठीहरू, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूविरुद्ध आवश्यक कारवाही नगर्ने विद्यालय व्यवस्थापन समितिबाट मौन भेदभाव; (घ) शिक्षकहरूबाट अध्यापनका क्रममा दलितहरूलाई होच्याउने खालका शब्दहरूको प्रयोगलगायतका शिक्षणीय विभेद तथा दलितहरूको पेशा, संस्कृति र उनीहरूको सीप आदिको सराहना गर्नमा असफलता ।

गरिबीका कारण दलित समुदायका बालबालिका विद्यालय जान वा पढाइलाई निरन्तरता दिन सकिरहेका छैनन् । विद्यालयमा जाने दलित समुदायका विद्यार्थीहरूलाई 'उपल्लो जात'का विद्यार्थीहरू एवं शिक्षकहरूले विशेष गरी कक्षा कोठामा अछुतका रूपमा हेप्ने गरिन्छ । सरकारद्वारा दिउँसो खाजाका रूपमा 'हलुवा' वितरण गरिने विद्यालयमा दलित तथा गैरदलित विद्यार्थीहरू अलग अलग बस्ने गर्दछन् ।

राष्ट्रिय जनगणना-२०४८ मा दलितहरूको साक्षरता दर १७% थियो भने २०५८ सालको जनगणनामा सो दर दोब्बर भएर ३३.८८% पुगेको छ । यो दर राष्ट्रिय साक्षरता दर ५३.७% को तुलनामा भने

२९ महासन्धिको धारा ९ अन्तर्गत सदस्य राष्ट्रहरूले प्रस्तुत गरेका प्रतिवेदनहरूमाथिको विचार । जातीय विभेद उन्मूलन समितिको अन्तिम पर्यवेक्षण, जातीय विभेद उन्मूलनसम्बन्धी नेपाल समिति, ६४औँ बैठक, २०६० साल फागुन १२ - २९ । जातीय विभेद उन्मूलन समिति/सी/६४/सीओ/५, २०६१ साल वैशाख १६, अनुच्छेद १२ । इन्ट्रानेट http://www1.umn.edu/humanrts/country/nepal2004.html मा उपलब्ध छ ।

३० भट्टचन, कृष्णबहादुर, तेज सुनार र यशोकान्ति भट्टचन (गौचन)द्वारा उद्धृत, Caste based Discrimination in Nepal (सन् २००७) (नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ र दलित गैसस महासङ्घको सहयोगमा दलित अध्ययनसम्बन्धी भारतीय संस्था - आईआईडीएस, दिल्ली, अन्तरराष्ट्रिय दलित ऐक्यबद्धता सञ्जाल - आईडीएसएन, कोपेनहेगनका लागि तयार गरिएको अन्तिम मसौदा प्रतिवेदन) ।

अत्यन्तै न्यून छ। यसैगरी बाहुन र क्षेत्रीको साक्षरता दर क्रमशः ७५% र ८२% रहेको तुलनामा त उक्त दर धेरै नै कम छ।

### तालिका ३ : जातजातिको साक्षरता दर र शिक्षा

| जातजाति | साक्षरता दर (६ वर्षभन्दा माथि) | प्रवेशिका (एसएलसी) र सोभन्दा माथि | स्नातक र सोभन्दा माथि |
|---|---|---|---|
| **नेपाल** | ५३.७ | १७.६ | ३.४ |
| ब्राम्हण/क्षेत्री | ६७.५ | २४.७ | ५.४ |
| तराई | ४१.७ | १६.७ | २.७ |
| दलित | ३३.८ | ३.८ | ०.४ |
| जनजातीय समूहहरू | ५३.६ | १२.९ | २.० |
| धार्मिक अल्पसङ्ख्यक | ३४.५ | ९.० | १.६ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग (सन् २००४), नेपाल जीवनयापन स्तर सर्वेक्षण - दोस्रो; लैङ्गिक तथा सामाजिक बहिष्करण मूल्याङ्कन प्रतिवेदन, सन् २००५

तालिका सङ्ख्या ३ मा जात/जनजातिको साक्षरता दर प्रस्तुत गरिएको छ। तराईका दलितहरूको तुलनामा पहाडी क्षेत्रका दलितहरूको साक्षरता दर अत्यन्तै राम्रो छ, पहाडी दलितहरूमध्ये ४१.९% साक्षर छन् भने तराईका दलितमध्ये २१.१% साक्षर छन्। मधेशी दलितहरूमध्ये मुसहरको साक्षरता दर नेपालमै सबैभन्दा कम अर्थात् ६.९% छ। समग्र दलित जातीय समूहलाई दृष्टिगत गर्ने हो भने बालिका तथा महिलाको साक्षरता दर पुरुषहरूको भन्दा कम छ। विद्यालय शिक्षामा तराईका सम्पूर्ण दलित समूहलाई हेर्दा केटाहरूले निश्चित तहसम्म अध्ययन पूरा गर्ने सम्भावना केटीहरूको तुलनामा दोब्बरभन्दा पनि बढी देखिन्छ। सरकारले दलितहरूलाई लक्षित गरेर केही आवश्यक (तर अपर्याप्त) कार्यक्रमहरू लागू गर्दा पनि यस्तो स्थिति रहेको छ। शिक्षाको तह बढ्दै जाँदा दलित विद्यार्थीहरूको सङ्ख्या घट्दै गएको पाइन्छ। प्रवेशिका (एसएलसी) वा त्यसभन्दा माथिल्लो तह पास गर्ने दलित विद्यार्थीको अनुपात राष्ट्रिय औसत अर्थात् १७.६% को तुलनामा निकै कम अर्थात् ३.८% छ। राष्ट्रिय स्तरमा स्नातक वा सोभन्दा माथिको शिक्षा हासिल गर्ने व्यक्ति ३.४% छन् भने दलितहरूबीच यो स्तरको शिक्षा हासिल गर्ने ०.४% छ। यसमध्ये तत्मा १.६% छन् भने धोबी १.८% छन् तर बादी, चमार र हल्खोर समूहमा कसैले पनि यो स्तरको शैक्षिक योग्यता हासिल गरेको छैन।

तालिका ४ मा दलितहरूको जात र लिङ्गका आधारमा विस्तृत जानकारी दिइएको छ।

### तालिका ४ : दलितको जातजाति र लैङ्गिक शैक्षिक प्रतिशत

| दलितको जातजाति | ६ वर्ष र सोभन्दा माथिको विद्यालय शिक्षा | | | स्नातक र सोभन्दा माथि | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| **दलित** | **४३.७** | **२४.२** | **३३.८** | **०.५** | **०.७** | **०.८** |
| **पहाडी दलित** | **५२.९** | **३१.४** | **४१.९** | **०.५** | **०.४** | **०.५** |
| १. कामी | ५३.१ | ३१.४ | ४१.८ | ०.५ | ०.१ | ०.४ |
| २. दमाई | ५५.० | ३५.० | ४४.६ | ०.४ | ०.१ | ०.३ |
| ३. सार्की | ४९.९ | २८.८ | ३८.९ | ०.३ | ०.१ | ०.२ |
| ४. बादी | ४७.१ | ३२.० | ३९.२ | ० | ० | ० |
| ५. गाइने | ६२.३ | ३२.१ | ४७.५ | ० | १.१ | ०.५ |
| **तराई दलित** | **३०.१** | **११.५** | **२१.१** | **०.७** | **०.३** | **०.६** |
| १. चमार | २७.९ | ९.० | १८.९ | ० | ० | ० |
| २. मुसहर | ९.८ | ३.८ | ६.९ | ०.३ | ०.३ | ०.३ |
| ३. दुसाध | २८.५ | ८.६ | १९.१ | ० | ० | ०.२ |
| ४. तत्मा | ३३.० | १०.२ | २२.२ | २ | ० | १.६ |
| ५. खत्वे | २६.४ | ७.२ | १७.२ | ०.६ | ० | ०.५ |
| ६. बाँतर | ३५.९ | १०.२ | २३.४ | ०.२ | ० | ० |
| ७. डोम | १४.९ | ५.२ | १०.३ | ० | ० | ० |
| ८. चिडिमार | ३४.० | १४.९ | २५.१ | ०.२ | ०.६ | ०.३ |
| ९. धोबी | ४६.५ | १९.१ | ३३.६ | २.१ | ०.९ | १.८ |
| १०. हलखोर | ३८.१ | २१.७ | ३०.१ | ० | ० | ० |
| ११. पहिचान नभएका दलितहरू | ४७.६ | २३.९ | ३५.५ | ०.७ | ०.२ | ०.६ |

स्रोत : युनिसेफ दक्षिण एसिया क्षेत्रीय कार्यालयबाट प्रकाशित सुशन आचार्य (सन् २००७) को Social Inclusion: Gender and Equity in Educational SWAPs in South Asia Nepal Case Study बाट उद्धृत।

## आर्थिक कठिनाइ

'दलितहरू'को सामाजिक संरचना मुख्यतः पेशा वा श्रम विभाजनमा आधारित छ। उनीहरूका परम्परागत पेशा शारीरिक श्रमयुक्त र सामाजिक दृष्टिकोणबाट तल्लो स्तरको भएकोले उनीहरू प्रत्येक दिन आर्थिक कठिनाइ सामना गर्दछन्। गैरदलितहरूले दलितहरूका कपडा सिउने, जुत्ता बनाउने, फलामका औजार र भाँडा बनाउने पेशालाई निम्न तहको मान्ने गर्दछन्। गैरदलितले कपडा सिलाउने पेशा गरेमा त्यसलाई 'गार्मेन्ट उद्योग'को रूपमा, जुत्ता सिलाउने पेशा गरे 'जुत्ता उत्पादक'का रूपमा लिने गरिन्छ। त्यस्तो पेशा गर्ने गैरदलितलाई अछुत व्यवहार गरिँदैन। दलितको श्रम र उत्पादनलाई ग्रामीण एवं शहरी क्षेत्रमा तल्लो स्तरको मानिन्छ र गैरदलितहरू त्यसका लागि न्यून भुक्तानी गर्दछन्।

## बँधुवा श्रम

विष्ट[३१], बालीघरे[३२], हलिया[३३], खलिया[३४], डोली[३५], सिनो खाने/फ्याँक्ने[३६] जस्ता भेदभावपूर्ण श्रम प्रचलनहरू ग्रामीण क्षेत्रमा, विशेष गरी तराई क्षेत्र र मध्य एवं सुदूरपश्चिमी पहाडी क्षेत्रमा व्यापक रूपमा पाइन्छ । रवर्टसन् र मिश्रले उल्लेख गर्नुभएको छ - "हलियाका रूपमा जमिन जोत्ने काम अछुत जात वा निम्न सामाजिक स्तर भएका जातिले मात्र गर्न हुने शक्तिशाली प्रथा छ ।"[३७] खेतीको काम निकै भएको समयमा 'उपल्लो जात'का जमिन्दारहरूले दलित श्रमिकहरूबाट सित्तैमा श्रम गराउन आफ्ना बँधुवा ऋणीहरूलाई प्रयोग गर्दछन् । हलियाजस्ता बँधुवा श्रमले निरन्तरता पाइरहनुको प्रमुख कारण सामन्तवाद, ऋणग्रस्तता, भूमिहीनता, ऋणमा आधारित खेती मजदुरी, भेदभाव र भूमिसुधार कार्यक्रमको असफलता हुन् ।[३८] रवर्टसन् र मिश्रका अनुसार ती प्रचलन दासत्व, दास व्यापार, दासत्वसँग मिल्दाजुल्दा व्यवस्था एवं व्यवहार उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (सन् १९५६) को उल्लङ्घन हो । नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र हो । २००४ सालमा तयार गरिए पनि लागू हुन नसकेको एउटा संविधान बाहेक नेपालका अन्य सबै संविधानलाई ती प्रचलनहरूले ठाडो उल्लङ्घन गर्दछन् ।

त्यसै कारण दलितहरूले 'दलितहरू तथा उनीहरूको पेशाप्रति न्याय गर्ने तथा स्वाभिमानको अनुभूति गराउने खालको श्रम व्यवस्थाको स्थापना'[३९] तथा 'ती सामाजिक विकृति उन्मूलन गर्न सम्पूर्ण रूपमा शक्तिशाली आयोगको गठन'[४०] र दलितमाथि थोपरिएको मगन्ते बन्नुपर्ने बाध्यताको अन्त्य माग गरिरहेका छन् ।

## गरिबी र आर्थिक अधिकार

कुनै पनि मापदण्डबाट हेरे पनि बहुसङ्ख्यक दलितहरू गरिबमध्ये पनि सबैभन्दा गरिब वर्गमा पर्दछन् (परम्परागत रूपमा गहना बनाउने काम गर्दै आएका, राम्रो शिक्षा, पेशा वा रोजगारी पाएका केही दलितहरू अपवाद हुन सक्दछन्) । 'नेपाल दक्षिण एसिया केन्द्र (नेसाक)ले सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा नेपालका विभिन्न जात तथा जनजातीय समूहहरूको मानव विकास सूचकाङ्क पहिलोपटक तयार गरेको थियो । मानव विकास सूचकाङ्कमा सबैभन्दा माथि ब्राह्मण (०.४४१) र सबैभन्दा तल दलितहरू (०.२३९) देखिएका थिए । राष्ट्रिय मानव विकास सूचकाङ्क र दलित मानव विकास सूचकाङ्कको अनुपात १:०.७ रहेको थियो भने नेवारको अनुपात १:१.४ र ब्राम्हणको १:१.४ छ । प्रति व्यक्ति आय नेवारको सबैभन्दा बढी (अमेरिकी डलर १,८४८) र त्यसपछि ब्राम्हणको (अमेरिकी डलर १,५३३) छ । दलितहरूको प्रति व्यक्ति आय सबैभन्दा कम ७६४ अमेरिकी डलर छ । मानव विकास सूचकाङ्कमा दलितहरू सबै सूचकमा सबैभन्दा तल देखिन्छन् ।[४१] सन् १९९६ मा ४२.६% नेपालीहरू सामान्यतया गरिबीको रेखामुनि थिए भने ६८% कामी, ६७% दमाई, ६६% सार्की गरिवीको रेखामुनि रहेका थिए । सन् २००३/००४ मा गरिएको नेपाल जीवनस्तर सर्वेक्षणको परिणाम अनुसार तराईका दलितहरूबीच सबैभन्दा धेरै गरिबी (४९.२%) विद्यमान थियो भने पहाडी दलितहरूको गरिबी ४४.९% थियो ।[४२]

## भूमिहीनता

विगतमा नेपाल सामन्ती व्यवस्था भएको मुलुक थियो । यहाँ भूमि र शक्तिबीच अत्यन्तै बलियो सम्बन्ध थियो । हाल यसलाई अर्धसामन्ती मुलुकका रूपमा लिन सकिन्छ । यहाँको भूमिलाई प्रमुख पुँजीगत सम्पत्तिमध्ये एकका रूपमा लिइन्छ । धेरै भूमि भएकाहरू धनी मानिन्छन् र केहीले यसैबाट जीविका चलाउँछन् । भूमिहीनहरू भने सामान्यतया हरिकङ्गाल हुन्छन् । सिँचाइ हुने र शुष्क भूमि दुवैको स्वामित्व हुनेहरूमा सबैभन्दा बढी सङ्ख्या 'उपल्लो जात'का मानिसको छ (५.६३ रोपनी सिँचाइ हुने र ६.६४ रोपनी शुष्क

३१ विष्ट भनेको सामुदायिक स्तरमा 'उपल्लो जात'का मानिसहरू तथा दलितहरूबीचको प्रश्रयदाता-आश्रित सम्बन्धको एक स्वरूप हो । 'उच्च जात'को परिवारद्वारा दलित परिवारलाई उनीहरूको विष्टका रूपमा आश्रय प्रदान गरिन्छ । यसको अर्थ दलित 'आश्रित'ले उनीहरूका 'आश्रयदाता'को आवश्यकता अनुसार उनीहरूको पेशागत काम गर्नुपर्दछ । 'आश्रित'ले उनीहरूले गरेको सेवाबापत् अधिकांश रूपमा बाली र कहिलेकाहीँ नगद पारिश्रमिक पाउँदछन् ।

३२ बालिघरे भनेको बलात् श्रमको एक स्वरूप हो । यस प्रचलनमा दलितहरूले उनीहरूको 'उपल्लो जात'का मालिकहरूलाई पेशागत सेवा उपलब्ध गराउँछन् र त्यसको बदलामा उनीहरूले 'पारिश्रमिक'का रूपमा बाली काट्ने समयमा अन्नबाली पाउँदछन् ।

३३ हलिया भनेको बलात् श्रमको एक स्वरूप हो । यस प्रथामा 'उच्च जात'का मानिसहरूले कृषि श्रमिकका रूपमा दलितहरूलाई काममा लगाउँछन् र वर्षैभरि उनीहरूलाई खाना, लुगा र बासका साथै आवश्यकता अनुसार ऋण उपलब्ध गराउँदछन् ।

३४ खलिया भनेको दलितहरूले अन्नबालिका लागि 'उच्च जात'का मानिसहरूका लागि गर्ने एक किसिमको श्रम हो । उनीहरूले गरेको श्रमका लागि बाली काट्ने समयमा मात्रै अन्नबाली प्रदान गरिन्छ ।

३५ डोली भनेको विवाहको समयमा गरिने एक किसिमको श्रम हो । यस अन्तर्गत निश्चित दलित जातका मानिसले 'उपल्लो जात'का मानिसको विवाहका क्रममा दुलहा र दुलहीलाई 'डोली'मा बोक्छन् । यसबापत् उनीहरूले नगद वा जिन्सी पारिश्रमिक पाउँछन् ।

३६ सिनो खाने/फ्याँक्ने भनेको मरेका जनावरलाई दलितले नै अनिवार्य रूपमा फ्याँक्नुपर्ने चलन हो । कतिपय समुदायमा दलित अन्तर्गतका निश्चित जातका मानिसहरूलाई सिनोलाई खानाका रूपमा प्रयोग गर्न बाध्य बनाइन्छ ।

३७ रबर्टसन, आदाम र मिश्र, शिषम, Forced to Plough. Bonded Labour in Nepal's Agricultural Economy (काठमाडौं : एण्टी स्लेभरी इन्टरनेशनल र अनौपचारिक सेवा केन्द्र (इन्सेक), सन् १९९७), पृष्ठ १ ।

३८ ऐजन, पृष्ठ ३५-४० । 'ऋणमा आधारित खेती'ले व्याज कमाउने प्राथमिक उद्देश्यले नभई साहुका लागि काम गर्न असामीलाई बाध्य पार्नका लागि दिइने ऋणलाई जनाउँछ ।

३९ संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको संवैधानिक परामर्श सहायता एकाइ (कासु)द्वारा डडेलधुरामा २०६३ साल जेठ ३० देखि असार १ सम्म आयोजना गरेको 'संविधान निर्माण प्रक्रिया र राज्य पुनःसंरचनामा दलितहरूको सहभागिता'सम्बन्धी क्षेत्रीय सम्मेलनद्वारा तयार पारिएको डडेलधुरा घोषणापत्र ।

४० संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको संवैधानिक परामर्श सहायता एकाइ (कासु)द्वारा दाङमा २०६४ साल साउन २७ र २८ गते आयोजना गरेको 'राज्य पुनःसंरचना, संविधानसभा र संविधान निर्माण प्रक्रिया' क्षेत्रीय सम्मेलनद्वारा तयार पारिएको दाङ घोषणापत्र ।

४१ गुरुङ, हर्क, From Exclusion to Inclusion: Socio-Political Agenda for Nepal (सन् २००३ : सामाजिक समावेशीकरण अनुसन्धान कोष, ललितपुर, सन् २००३) ।

४२ घरधुरी सर्वेक्षण, टीम कन्सल्ट १९९८ (टीम कन्सल्ट, सन् १९९९), पृष्ठ २७८ ।

भूमि) । सबैभन्दा कम स्वामित्व दलितहरूको छ (२.०५ रोपनी सिँचाइ हुने र ४.७६ रोपनी शुष्क भूमि) । एक अध्ययनका अनुसार उच्च पहाडी क्षेत्रमा ७०%, मध्यपहाडी क्षेत्रमा ७७% र तराईमा १००% दलितका तीन रोपनीभन्दा कम सिँचाइयोग्य भूमि छ ।[४३] उच्च पहाडी क्षेत्रका ५४%, मध्यपहाडी क्षेत्रका ५४% र तराईका १००% दलितको तीन रोपनीभन्दा कम शुष्क भूमि छ ।[४४] एक अर्को अध्ययन अनुसार मधेसमा भूमिहीन दलितहरूको सङ्ख्या अत्यन्तै धेरै झण्डै ८५% देखि ९०% छ[४५] र केवल तीनदेखि पाँच प्रतिशत मुसहर जातिसँग मात्र भूमिका केही टुक्रा छन् ।

### तालिका ५ : गरिबीको सघनता - सन् १९९६

| सामाजिक समूह | गरिबीको रेखामुनिको अनुपात (प्रतिशत) | श्रेणी | परम्परागत पेशा |
|---|---|---|---|
| **जातजातिको समूह** | | | |
| बाहुन | ३४ | २ | पुरोहित्याइँ/राजनीति |
| यादव | ४० | ४ | खेती/पशुपालन |
| क्षेत्री | ५० | ७ | खेती/सेना |
| सार्की (दलित) | ६५ | ११ | छालाको काम |
| दमाई (दलित) | ६७ | १२ | लुगा सिउने काम |
| कामी (दलित) | ६८ | १३ | धातुको काम |
| **भाषा समूह** | | | |
| नेवार | २५ | १ | व्यापार |
| **धार्मिक समूह** | | | |
| मुसलमान | ३८ | ३ | विभिन्न सीप |
| **पहाडी जनजाति** | | | |
| गुरुङ | ४५ | ५ | खेती/सेना |
| थारु | ४८ | ६ | खेती |
| राई | ५६ | ८ | खेती/सेना |
| मगर | ५८ | ९ | खेती/सेना |
| तामाङ | ५९ | १० | खेती/भरिया |
| लिम्बु | ७१ | १४ | खेती/सेना |
| अन्य | ३७ | | |
| **नेपाल** | ४२.६ | | |

नेपाल दक्षिण एसिया केन्द्र (सन् १९९८) को नेपाल मानव विकास प्रतिवेदनको तालिका ७.२४ बाट साभार तथा केन्द्रीय तथ्याङ्क विभागको नेपाल जीवनयापन स्तर सर्वेक्षण-१९९६ मा आधारित

स्रोत : तालिका ७, गुरुङ (सन् २००३), From Exclusion to Inclusion Socio-Political Agenda for Nepal, सामाजिक समावेशीकरण अनुसन्धान कोष, ललितपुर, नेपाल, पृष्ठ ७ ।

पहाडका दलितहरूसँग केही भूमि छ र बसाइँ सरेर पहाड र तराईका राजमार्ग छेउ बसोबास गरेका केही दलितसँग पनि थोरै जमिन छ तर ती भूमिको गुणस्तर न्यून भएकाले ती भूमिका टुक्राबाट उनीहरूको जीवनसुधारमा खास सहयोग पुगेको पाइँदैन । डा. शिव शर्माले एक योजनाविद्लाई उद्धृत गर्दै उल्लेख गर्नुभएको छ – "लालपुर्जा सिरानीमुनि नराखी निदाउन पनि नसक्ने मानिसहरू पनि छन् । त्यसो हो भने दलितहरू लालपुर्जा विना शताब्दीयौँदेखि कसरी निदाउन सके होलान् भन्ने प्रश्न गर्न सकिन्छ ।"[४६]

तालिका ६ टेक ताम्राकारको अध्ययनमा आधारित छ ।[४७]

हालसालैसम्म पनि नागरिकता प्रमाणपत्र पाउन कुनै न कुनै भूमिको स्वामित्व प्रमाण (लालपुर्जा) हुनैपर्ने अनिवार्य व्यवस्था थियो र नागरिकता प्रमाणपत्र नभएको व्यक्तिले राज्यबाट कुनै सुविधा प्राप्त गर्न सक्दैनथियो । सबै गरी २२ जातका दलितहरूको ३९,६६० जनसङ्ख्यामध्ये १४,०५६ (३५.४%) दलितहरूको नागरिकता प्रमाणपत्र थिएन ।[४८]

### तालिका ६ : भूमिमा दलितको पहुँच

| जात | भूमिहीन (प्रतिशत) | ५ रोपनीभन्दा कम (प्रतिशत) | ६ - १० रोपनी (प्रतिशत) | ११ - २० रोपनी (प्रतिशत) | २१ रोपनीभन्दा बढी (प्रतिशत) |
|---|---|---|---|---|---|
| **पहाडी दलित** | | | | | |
| कामी | ११.२ | ४६.५ | १८.८ | १७.१ | ६.५ |
| दमाइ | २८.८ | ५५.१ | १९.१ | ३.२ | १.३ |
| सार्की | ७.६ | ४७.८ | २४.२ | १६.७ | ३.६ |
| गाइने | ४१.२ | ४५.१ | १.४ | ३.१ | - |
| **मधेसी तलित** | | | | | |
| बादी | २१.० | ३१.१ | १३.० | ४.३ | ४.३ |
| धोबी | ३३.३ | ६६.७ | - | - | - |
| डोम | ४४.२ | ११.८ | - | - | - |
| दुसाध | ३३.३ | ५५.६ | - | ११.१ | - |

उल्लेख्य रूपमा कृषिमा आधारित र गरिब मुलुकमा भूमिहीनताको अर्थ खाद्यान्नको अभाव हो । टिम कन्सल्टद्वारा गरिएको एक अध्ययनका अनुसार बहुसङ्ख्यक दलित परिवारहरू खाद्यान्न

४३ The Conditions of the Dalits (Untouchables) in Nepal: Assessment of the Impacts of Various development Interventions, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)लाई बुझाइएको एक प्रतिवेदन, नेपाल, पृष्ठ २७८ ।

४४ श्रमविज्ञ डा. शिवा शर्मासँग सन् २००७ मा गरिएको व्यक्तिगत कुराकानी ।

४५ भट्टचन, कृष्णबहादुर, तेज सुनार र यशोकान्ति भट्टचन (गौचन), Caste based Discrimination in Nepal (सन् २००७), नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ र दलित गैसस महासङ्घको सहयोगमा दलित अध्ययनसम्बन्धी भारतीय संस्था - आईआईडीएस, दिल्ली, अन्तरराष्ट्रिय दलित ऐक्यबद्धता सञ्जाल - आईडीएसएन, कोपेनहेगनका लागि तयार गरिएको अन्तिम मसौदा प्रतिवेदन ।

४६ ताम्राकार, टेक, "दलित महिलाका सामाजिक, आर्थिक तथा राजनैतिक अधिकार संरक्षणका लागि आरक्षण", पृष्ठ ५७ । दलित महिला सङ्घ तालिका सङ्ख्या ६ । टिप्पणी : राष्ट्रिय दलित आयोगले हुड्के, कसाइ र पोडेलाई दलित जातको सूचीबाट हटाइसकेकोले उनीहरूको तथ्याङ्क समावेश गरिएको छैन (हेर्नुहोस्, माथि) ।

४७ राष्ट्रिय दलित आयोग, Citizenship and Land Ownership Status of Dalit Community in Nepal (काठमाडौं : राष्ट्रिय दलित आयोग, सन् २००५), पृष्ठ २४ ।

४८ राष्ट्रिय दलित आयोग, Citizenship and Land Ownership Status of Dalit Community in Nepal (काठमाडौं : राष्ट्रिय दलित आयोग, सन् २००५), पृष्ठ २४ ।

अभावको समस्याबाट पीडित छन् । यस्ता पीडितहरूको सबैभन्दा ठूला उपस्थिति उच्च पहाडी क्षेत्रमा (८९.६६%) र त्यसपछिको स्थानका रूपमा मध्यपहाडी क्षेत्र (५६.७३) र तराई क्षेत्र (५३.६१%) पाइएको थियो ।[४९]

## सीप विकास र परम्परागत पेशाको आधुनिकीकरण

प्रत्येक दलित जाति एक न एक प्रकारको परम्परागत पेशासँग सम्बन्धित छ । सीप विकास गर्ने र परम्परागत पेशालाई आधुनिकीकरण गर्ने प्रशिक्षणको अभाव, दलितहरूबीच सहकार्यको अभाव तथा औद्योगिक उपभोग्य वस्तुहरूको बजार विस्तारका कारण दलितहरूका परम्परागत पेशाबाट उत्पादित वस्तुहरूको बजार तीव्र गतिमा घट्दै गएको छ । यसले गर्दा उनीहरू ज्यालादारी श्रम गर्न वा गरिबीमा जीवन बिताउन बाध्य भएका छन् । उदाहरणका लागि, तयारी लुगाहरू सस्तोमा बजारमा उपलब्ध भएकाले दमाइको लुगा सिलाउने पेशा अनुत्पादक बनेको छ; कारखानाबाट उत्पादित जुत्ता बजारमा उपलब्ध भएबाट जुत्ता सिलाएर जीवनयापन गर्ने सार्कीको पेशा अनुत्पादक भएको छ; कारखानामा निर्मित भाँडाकुँडा एवं कृषि सामग्रीहरू बजारमा पाइन थालेकाले कामीको पेशा अनुत्पादक भएको छ ।

## ज्यालादारी श्रम र ज्याला आर्जन

भूमिहीनता, गरिबी, निरक्षरता र परम्परागत पेशाको गिर्दो महत्वका कारण कयौं दलितहरू ज्यालादारी श्रमको शरणमा पर्न बाध्य भएका छन्; ६०.४% श्रमिकहरू दलित समुदायका रहेका छन् तर तागाधारी समुदायका २०.६% र मतवाली समुदायका १३.३% मात्र ज्यालादारी श्रममा संलग्न भएको पाइन्छ ।[५०]

शहरी तथा ग्रामीण क्षेत्रमा ज्याला आर्जनसन्दर्भमा दलित र महिला श्रमिकविरुद्ध भेदभाव विद्यमान छ । ज्यालादारी श्रमबाट हुने दलित घरधुरीको वार्षिक आम्दानी उच्च पहाडी क्षेत्रमा रु. १३,१००, पहाडी क्षेत्रमा रु. १३,९२० र तराईमा रु. १८,८७० रहेको पाइन्छ ।[५१] टिम कन्सल्टको प्रतिवेदनका अनुसार[५२] ज्यालादारी श्रमिकका रूपमा 'अछुत' समुहको सहभागिताको अनुपात बढी भए पनि उनीहरूले ज्यालादारी श्रम बजारबाट प्राप्त गर्ने ज्याला अन्य वर्गले पाउने ज्यालाभन्दा अत्यन्तै कम छ । समाजमा उनीहरूको निम्न सामाजिक सांस्कृतिक र आर्थिक स्तरका कारण ज्यालाका लागि सौदाबाजी गर्ने क्षमता कमजोर भएकोले यसो भएको हो ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको अध्ययन अनुसार[५३] दलितहरूले एक दिनको कामका लागि सरदर रु. ९६ (करिब १.२८ अमेरिकी डलर) प्राप्त गर्दछन् । पुरुष श्रमिकले एक दिनको कामका लागि औसत ज्याला रु ९९ पाउँछ भने सोही कामका लागि महिला श्रमिकले एक दिनको औसत ज्याला रु. ७८ (करिब १.०४ अमेरिकी डलर) पाउँछ । सोही प्रकारको कामका लागि सामान्य रूपमा श्रम बजारमा दिइने ज्याला रु. १०५ रहेको छ, त्यसमा पनि महिलालाई रु. ८८ र पुरुषलाई रु. १११ दिने गरिएको छ ।

तालिका ७ : खाद्यान्न पर्याप्त रहेका घरपरिवारको जातिगत र पारिस्थितिकीय-क्षेत्रगत प्रतिशत विवरण

| जातजाति | भौगोलिक क्षेत्र | | | |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | जम्मा (सङ्ख्या ५,१६२) |
| **खाद्यान्न पर्याप्तता** | | | | **सङ्ख्या (३,७४५)** |
| तागाधारी | १०.४० | ४६.८ | ४२.९ | १००.०० (सङ्ख्या १,१७३) |
| मतवाली | ५७.० | ५२.७ | ४१.७ | १००.०० (सङ्ख्या ५०९) |
| अछुत | १०.३ | ४२.४ | ४७.२ | १००.०० (सङ्ख्या १,८७१) |
| अन्य | ० | ५७.० | ९४.३ | १००.०० (सङ्ख्या १९२) |
| **खाद्यान्न अपर्याप्तता** | | | | **सङ्ख्या १,४१७** |
| तागाधारी | ९.९७ | ४७.२१ | ४२.८२ | १००.०० (सङ्ख्या १,१६३) |
| मतवाली | ५.९१ | ५२.७६ | ४१.३४ | १००.०० (सङ्ख्या ५०८) |
| अछुत | १०.३४ | ४३.२७ | ४६.३९ | १००.०० (सङ्ख्या १,८२६) |
| अन्य | ० | ५.८८ | ९४.१२ | १००.०० (सङ्ख्या ३,६८६) |

स्रोत : टिम कन्सल्ट १९९९:४२८५ मा राखिएको 'जातीय समूहहरू तथा भौगोलिक क्षेत्रका आधारमा खाद्यान्न पर्याप्ततासम्बन्धी प्रतिक्रियाको आवृत्ति' को तालिका क६.८क मा आधारित ।

**टिप्पणी :** जम्मा ५,१८१ उत्तरदातामध्ये ५,१६२ घरपरिवारले खाद्यान्न पर्याप्तता/अपर्याप्ततावारे उत्तर दिएका थिए र तीमध्ये २८.५९ प्रतिशत उत्तरदाताले खाद्यान्न पर्याप्त रहेको र बाँकी ७१.४१ प्रतिशत अर्थात् ३,६८६ घरपरिवारले खाद्यान्न अपर्याप्तता रहेको बताएका थिए ।

४९ टिम कन्सल्ट, The Conditions of the Dalits (Untouchables) in Nepal: Assessment of the Impacts of Various Development Interventions, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)लाई बुझाइएको एक प्रतिवेदन, नेपाल, (सन् १९९९) ।

५० ऐजन, तालिका ६ ।

५१ ऐजन, पृष्ठ ५९ ।

५२ ऐजन, पृष्ठ ६० - ६१ ।

५३ अन्तरराष्ट्रिय श्रम सङ्गठन, Dalits and Labour in Nepal: Discrimination and Forced Labour, शृङ्खला ५, (काठमाडौं : नेपालस्थित अन्तरराष्ट्रिय श्रम सङ्गठन, सन् २००५), पृष्ठ ४० ।

## राजनैतिक कठिनाइ

नेपालको राजनीति एक जात (बाहुन, क्षेत्री), एक धर्म (हिन्दू), एक संस्कृति, एक भाषा (खस नेपाली), एक लिङ्ग (पुरुष), एक क्षेत्र (पहाडी) र एक वर्ग (विशिष्ट)को नियन्त्रण र प्रभावमा रहेको छ ।

राजनीतिलाई सही नबनाउँदासम्म आर्थिक र सामाजिक न्याय सही हुन सक्दैन । राजनीतिमा दलितहरूको सहभागिता र प्रतिनिधित्व गैरदलितहरू, विशेष गरी बाहुन-क्षेत्रीको पूर्ण नियन्त्रणमा रहेको छ ।

## सबै तहमा दलितको समानुपातिक प्रतिनिधित्व

२०६२/०६३ सालको जन-आन्दोलनपूर्व दलित आन्दोलनको मुख्य माग छात्रवृत्ति, निजामती सेवा र रोजगारी, विशेष गरी शिक्षामा स्थान 'आरक्षण' रहेको थियो । २०६२/०६३ सालको जन-आन्दोलनपछि उक्त माग संविधानसभा तथा नीति-निर्माण तहलगायत सबै तहमा दलितहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कुरामा रूपान्तरित भएको छ ।

## नीति-निर्माणका सबै तहमा दलितको प्रतिनिधित्व

नीति-निर्माणका सबै तहमा दलितहरूको प्रतिनिधित्व नगण्य छ । हालसम्ममा आठ जना पहाडी दलित पुरुष मात्र राज्यमन्त्री वा सहायकमन्त्री बनेका छन्, तीमध्ये पाँच जना २०५८ सालपछि मन्त्री भएका थिए । अन्तरिम मन्त्रिपरिषद्मा एक जना दलित सहायकमन्त्री भएका थिए । हालसम्म कुनै पनि दलित पूरा मन्त्री भएको छैन । २०४७ सालदेखि २०२८ सालसम्मको बहुदलीय संसदीय व्यवस्थाको अवधिमा एक जना पनि मन्त्री दलित समुदायबाट भएन । २०६३ सालमा गठन भएको अन्तरिम व्यवस्थापिका संसद्मा ३३० जना सदस्य थिए, तीमध्ये १८ जना (६%) दलित समुदायका थिए ।[५४] उनीहरूमध्ये १२ जना नेकपा (माओवादी)का तर्फबाट, तीन जना नेकपा (एमाले), दुई जना जनमोर्चा, नेपाल र एक जना नेपाली काङ्ग्रेसका तर्फबाट थिए । मधेशी दलित जम्मा चार जना थिए । दलित महिला ३३% थिए । जम्मा २२ वटा दलित जातिमध्ये छ वटा दलित जाति विश्वकर्मा, परियार, सार्की, पासवान (दुसाध), मुसहर (सदा) र राम (चमार)को प्रतिनिधित्व भएको थियो ।

नेकपा (माओवादी) तथा नेपाली काङ्ग्रेस जस्ता सबै ठूला राजनैतिक दलका केन्द्रीय समितिमा दलितहरूको प्रतिनिधित्व नगण्य छ र नेकपा (एमाले) मा त छँदै छैन ।

ब्राह्मणवाद, राजनैतिक दलहरूमा 'उपल्लो' जातका नेताहरूको पूर्ण नियन्त्रण, छुवाछुत र जातमा आधारित भेदभावको अन्त्य गर्ने एवं दलितहरूको सहभागिता र प्रतिनिधित्व बढाउने र दलित समस्यालाई प्राथमिकता दिने कुरामा राजनैतिक दलहरूको अग्रसरताको अभावलगायतका विभिन्न कारणले यस्तो अवस्था सिर्जना भएको हो ।[५५] त्यस्तै, दलित समुदायभित्रै पनि समस्याहरू छन् । दलित समुदायका नेता तथा कार्यकर्ताबीच एकताको अभाव, दलितहरूबीच विचारधारात्मक स्पष्टताको अभाव, राजनैतिक प्रक्रियामा आफ्नो सहभागिताबारे दलितहरूबीच रुचि र चेतनाको अभाव, गरिबी, निरक्षरता र शिक्षामा न्यूनस्तर आदि समस्यालाई उदाहरणका रूपमा लिन सकिन्छ ।

माथि उल्लेख गरिएझैँ संविधानसभाको निर्वाचनमा दलितहरूको स्थितिमा केही सुधार आएको छ ।

## दलित महिलाविरुद्ध दोहोरो भेदभाव

दलित महिलाहरूले दोहोरो भेदभाव सामना गरिरहेका छन् - दलितका रूपमा र महिलाका रूपमा । अर्को शब्दमा भन्ने हो भने उनीहरूले छुवाछुतलगायतका जातमा आधारित र लैङ्गिकतामा आधारित भेदभाव सामना गरिरहेका छन् (उनीहरूको आफ्नै समुदायभित्र र बाहिरबाट) । मधेशी दलित महिलाले त क्षेत्र, भाषा र संस्कृतिमा आधारित थप भेदभाव सामना गरिहेका छन् ।

दलित पुरुषका तुलनामा दलित महिलाले बढी भेदभाव व्यहोर्नु परेको छ । उदाहरणका लागि, दलित र गैरदलित महिलाहरू पानी थाप्न र कपडा धुन सार्वजनिक धारा वा कुलोमा जान्छन् । धेरै ठाउँमा गैरदलित महिलाहरूले दलित महिलाविरुद्ध जातमा आधारित भेदभाव गर्दछन् । त्यस्तै दलित समूहभित्रका 'उपल्लो जात'का दलित महिलाले तल्लो जातका दलित महिलालाई गैरदलितले जस्तै व्यवहार गर्दछन् ।

केही दलितले इसाई वा बुद्ध धर्म अँगालेका भए पनि बहुसङ्ख्यक दलितहरू हिन्दू नै छन् । उनीहरूलाई पितृसत्तात्मक परम्पराले घर र समाजमा सहायक स्थानमा राखेको छ । अन्य जातका महिलाले जस्तै उनीहरूले प्रजनन, उत्पादक र सामुदायिक गरी तीन वटा भूमिका निर्वाह गर्नुपर्छ । स्रोतसाधनमा उनीहरूको पहुँच तथा नियन्त्रण छैन । 'उपल्लो जात'का महिलाका तुलनामा दलित महिला बढी गतिशील भए पनि माथिल्ला तहका सार्वजनिक पदहरूमा उनीहरूको उपस्थिति नै छैन भने तल्लो तहमा पनि नगण्य मात्र छ ।

दलित महिलाहरू महिलाविरुद्ध गरिने गम्भीर हिंसाबाट पीडित छन् । भारतका वेश्यालयहरूमा लगी झुक्याएर बिक्री गरिनु, दलित केटी र गैरदलित केटा वा 'उच्च दलित जात'का केटाबीच अन्तरजातीय वैवाहिक सम्बन्ध राख्दा हुने घरेलु हिंसा तथा बलात्कार

५४ हेर्नुहोस्, भट्टचन, कृष्णबहादुर, तेज सुनार र यशोकान्ति भट्टचन (गौचन) (सन् २००७) (माथि) ।

५५ हेर्नुहोस्, अघिल्लो पादटिप्पणी ।

जस्ता हिंसालाई यसका केही उदाहरणका रूपमा लिन सकिन्छ। अन्तरजातीय विवाहसँग सम्बन्धित समस्याहरू विभिन्न प्रकारका छन्। 'उपल्लो जात'को केटाले 'तल्लो जात'को दलित केटीलाई विवाह गरी शारीरिक सम्पर्क गरेपछि सो केटीलाई त्याग्छ, यस्तो घटना प्रायः विवाह गरेको पहिलो दिन नै हुने गर्दछ, लगत्तै त्यागिन्छ, वा त्यस्तो केटीलाई केटाका आमाबाबुले घरभित्र ल्याउन दिँदैनन्। प्रायः केटाको आमाबाबु र/वा नातेदारहरूले केटीसँगको वैवाहिक सम्बन्धलाई अन्त्य गराउन कानुनी कदम चाल्छन् वा कारवाही गर्ने, दलित दुलहीलाई विभिन्न प्रकारका यातना र कष्ट दिन्छन्।[५६] नवविवाहित दम्पत्तिलाई सामाजिक बहिष्कार गर्नु पनि सामान्य कुरा हो। अन्य समस्या भनेको झुट्टा कानुनी आरोप लगाउनु, प्रहरी हिरासतमा राख्नु, धम्क्याएर, कुटपिट गरेर तथा समुदायबाट बहिष्कृत गरेर विवाह भङ्ग गराउनु हुन्।

ह्युमन राइट्स वाचले सन् २००१ मा तयार गरेको एक प्रतिवेदनमा उल्लेख गरिएको छ - "नेपालमा दलित महिलाहरूलाई उनीहरूको परिवारभित्र र बाहिर आर्थिक रूपले शोषित र सीमान्तीकृत गरिएको छ। दलित महिलाहरू सबैभन्दा धेरै शारीरिक श्रम, कृषि उत्पादनमा संलग्न रहेका हुँदा उनीहरूका काममा फोहोर फाल्ने, सिनो फाल्ने तथा छालासम्बन्धी काम पनि पर्दछन्। उनीहरूले कडा परिश्रम र लामो समयसम्म काम गर्नु परे पनि उनीहरूलाई दिइने शोषणपूर्ण ज्यालाका कारण उनीहरू जीवननिर्वाहका लागि पर्याप्त आर्जन गर्न अक्षम भइरहेका छन्। कुनै कुनै ग्रामीण क्षेत्रमा दलित महिलाहरूले मुश्किलले वर्षमा १० देखि २० किलो अन्न कमाउँछन् र त्यो कमाइ एउटा परिवार धान्न पर्याप्त हुँदैन। त्यसैले कयौँ दलित महिला देहव्यापारमा लाग्न बाध्य भएका छन्। विशेष गरी 'बादी' जातका महिलाहरू भारतीय वेश्यालयहरूमा देहव्यापारका लागि बेचिने गरेका छन्।"[५७]

त्यस्तैगरी जातीय विभेद उन्मूलन समितिले बादी जातका महिला एवं बालिकाहरूबारे टिप्पणी गरेको छ - "अनेक प्रकारका भेदभावबाट पीडित सुविधाबाट वञ्चित समूहका महिलाहरूको अवस्थाबारे आवधिक प्रतिवेदनमा सूचनाको अभाव भएकोसम्बन्धमा समितिको ध्यान गएको छ र बादी जातका महिला तथा बालिकाहरूलाई बलात् देहव्यापारमा लगाउने गरेको अवस्थाप्रति यस समिति गम्भीर चिन्ता व्यक्त गर्दछ।"[५८]

### मधेशी दलितविरुद्ध बहुविभेद

राष्ट्रिय दलित आयोगले नेपालका २२ वटा दलित जातिहरूमध्ये १७ वटालाई मधेशी दलित जातका रूपमा पहिचान गरेको छ। ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रलगायतका सबै मधेशीहरूलाई नेपालका दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिएको छ। मधेशीहरूलाई नेपाली नागरिकको हैसियत दिने, शिक्षा, स्थानीय सरकारी कार्यालयहरू र सञ्चारमाध्यममा मैथिली, भोजपुरी र अवधी भाषा प्रयोग गर्ने, सेना, प्रहरी एवं निजामती सेवाका पदहरूमा नियुक्त गर्ने, नीति-निर्माणका सबै तहमा मधेशीलाई प्रतिनिधित्व गराउनेसन्दर्भमा राज्यले मधेशी दलितलगायत सबै मधेशीलाई क्षेत्र, भाषा र संस्कृतिका आधारमा भेदभाव गरेको छ। दोस्रो जन-आन्दोलनपछि भएको मधेश आन्दोलनले मधेशीविरुद्ध भएका भेदभावप्रति राष्ट्रको ध्यानाकर्षण गऱ्यो तर मधेश आन्दोलन 'उपल्लो जात'का मधेशीहरूको नेतृत्वमा हुनुका साथै उनीहरूकै वर्चश्वमा भएका कारण मधेशी दलितहरूको चासो तथा मुद्दाको सीमान्तीकरणसम्बन्धी चिन्ता कायमै छ।

मधेश आन्दोलनले नेपाललाई एकात्मक राज्यबाट सङ्घीय राज्यतर्फ अग्रसर हुन सहमत हुनका लागि नेपाल सरकारलाई बाध्य पाऱ्यो तर छुवाछुतलगायतका जातमा आधारित भेदभावहरू नयाँ राज्य संरचनामा निर्मूल होलान् भन्ने कुरामा मधेशी दलितहरू निश्चिन्त हुन सकेका छैनन्।

## खण्ड-४ : नयाँ नेपालका चुनौतीहरु

### समावेशीकरणसम्बन्धी माग

जातमा आधारित भेदभाव, गरिबी, निरक्षरता वा निम्न तहको शिक्षा, चेतनाको अभाव आदि सबैले दलितहरूलाई आफ्नो जीवनस्तर र सामाजिक स्तर सुधार गर्नबाट रोकेका छन्। दलितहरू पूर्ववर्णन गरिए अनुसारको दुःखद् अवस्थामा रहनुका लागि राज्यको भेदभावपूर्ण विचार, नीति र व्यवहारहरू नै जिम्मेवार छन्। नेपालमा भइरहेको दलित आन्दोलनको प्रमुख मागमध्ये एउटा राजनैतिक पद, निजामती सेवा, सेना, प्रहरी र अन्य रोजगारीलगायतका सबै क्षेत्र र तहका नीति निर्माण गर्ने पदहरूमा उनीहरूको स्थान आरक्षण रहेको छ। यसलाई दलितहरूले विगतमा राज्यद्वारा आफूहरूविरुद्ध गरिएका गलत कामहरूको क्षतिपूर्ति तथा सरकारी र निजी क्षेत्रमा दलित र गैरदलितहरूबीच विद्यमान खाडल पुर्ने साधनका रूपमा लिएका छन्। यसलाई उनीहरूले राज्यले देखाएको दया नभई आफ्नो अधिकारका रूपमा लिएका छन्। सरकारद्वारा हालसालै निजामती सेवा, सेना, प्रहरीमा स्थान आरक्षणसम्बन्धमा गरेको निर्णय सकारात्मक कदम हो तर दलितहरूका लागि उपचारात्मक तथा प्राथमिकतायुक्त सकारात्मक पहल दुवै आवश्यक छ। सकारात्मक पहलभित्रको सकारात्मक पहलले पनि दलितको वर्णाश्रम अन्तर्गत सबैभन्दा तल्लो श्रेणीमा पर्ने दलित महिला, मधेशी दलित र दलितहरूलाई न्याय गर्नु आवश्यक छ।

---

५६ हेर्नुहोस्, विश्वकर्मा, मीन, भावी रणनीति तयार गर्न महत्वपूर्ण खुराक दिएको छ, पृष्ठ ४२ - ४५, भट्ट, गोकर्ण (सम्पादक), 'विकास तथा सुशासनको मूलप्रवाहमा दलित महिलाको सहभागिता'मा (काठमाडौं : दलित महिला सङ्घ, सन् २००६)।

५७ Caste Discrimination: A Global Concern, पृष्ठ २१, http://www.hrw.org/reports/2001/globalcaste/caste0801.pdf मा उपलब्ध छ।

५८ जातीय विभेद उन्मूलन समितिको अन्तिम पर्यवेक्षण, सीईआरडी/सी/६४/सीओ/५, २०६१ साल वैशाख १६, अनुच्छेद १६।